832

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त किरणकुमार पोखरेल

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

**मु.नं. २२१/१६२/२०६९/०७०**

**निर्णय नं.४७**

गिर्वाण कुमार शर्मा, लाजिम्पाट, काठमाडौं ............................................................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख (सचिव), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौं ............................१ विपक्षी

**विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।**

गिर्वाण कुमार शर्माले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गर्दा सूचना उपलव्ध नगराएकोले सूचना उपलव्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।०२।१३ मा पुनरावेदन गरेको । पुनरावेदकको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७०।०२।१७, च.नं. १६१६, पु.च.नं.४४७ को पत्रबाट पत्राचार भएकोमा पुनरावेदकले सूचना नपाएको भनी पुनः मिति २०७०।०४।०६ मा पुनरावेदन गरेकोमा यस आयोगबाट मिति २०७०।१२।२३, च.नं.७७६, पु.च.नं.२५५ को पत्रबाट पुनः आदेश गरेकोमा लामो समयसम्म पुनरावेदकले सूचना पाइन भनी पुनरावेदन गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा पुनरावेदकले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २१ गते रोज २ शुभम् ।